"खानेपानी, सडक, बिद्युत, कषि, पर्यटन, सञ्चार, खेलकुद, शान्तिसुरक्षा, स्वास्थ्य र शिक्षा :
पौवादुङमाबासीहरुलाई उपलब्ध गराउने गाउँपालिकाको इच्छा ।"

# पौवादुङमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
च्याङग्रे, भोजपुर

१ नं. प्रदेश नेपाल

सुचना प्रकाशित मितिः- २०७५/०७/१७

आ.व. २०७५/७६ को स्विकृत कार्यक्रम अनुसार गाउँपालिकामा संचालित सामुदायिक विद्यालयहरुका लागि कम्प्युटर प्रविधिको प्रयोग गरी कार्य संचालन गर्नुपर्ने भएकोले कम्प्युटर उपकरण खरीद तथा आपुर्ति गर्न इजाजत प्राप्त फर्म वा सप्लायर्सहरुबाट यो दरभाउ पत्र आव्हान गरिएको छ । उक्त उद्योग, फर्म वा सप्लायर्सबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समयभित्र दरभाउपत्र फाराम दस्तुर फिर्ता नहुने गरि रु. १,०००।- (रुपैयाँ एकहजारमात्र) (पछि फिर्ता नहुने गरी) तिरी दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र खरिद गर्नका लागि आ.व. ०७५/०७६ का लागि नविकरण गरिएको उत्पादक/सप्लायर्स/फर्म कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मु.अ.कर दर्ता र कर चुक्ता प्रमाणपत्रको नोटरीबाट प्रमाणित प्रतिलिपी संलग्न राखी रु.१० को टिकट टाँसी दरभाउपत्र खरिद गर्न गाउँ कार्यपालिकाको कार्यालय च्याङग्रे भोजपुरमा निवेदन पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

- सुचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयसम्म दरभाउपत्र फाराम खरीद गर्नुपर्नेछ । १६ औं दिनको १२:०० बजेभित्र दरभाउपत्र दाताहरुले शिलवन्दि दरभाउपत्र पेश गर्नु पर्नेछ र सोही दिनको २:०० बजे दर्ता भएका दरभाउपत्रहरु कार्यालय प्रतिनिधि र दरभाउपत्रदाताहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
- दरभाउपत्र विक्रि गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा उक्त कार्यहरु भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
- एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
- दरभाउपत्र दर्ता गर्दा प्रोपाइटर वा आधिकारिक प्रतिनिधिले सहीछाप गरेको र सिलबन्दी भएको हुनुपर्नेछ ।
- दरभाउपत्रसाथ आपुर्ती गरिने सामाग्रीहरको उत्पादक कम्पनीले तयार गरेको स्पेसिफिकेसन सहितको क्याटलक समेत पेश गर्नुपर्नेछ ।
- दरभाउपत्र कबोल गरेको दररेट अंक र अक्षरमा दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ ।
- दरभाउपत्र जमानत वापतको रकम वोलकवोल अंकको २.५ प्रतिसतले हुने रकम रा.वा. बैंक भोजपुर स्थित गाउँपालिकाको २०४०३०३००७१०६ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ६० दिनको (दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अबधि भएको बैक जमानत पत्र पेश गर्नु पर्ने छ । साथै दरभाउपत्रको मान्य अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुने छ ।
- दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व. २०७५/०७६ को लागि भएकोले २०७६ आषाढ मसान्तसम्म हुने कुनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन ।
- दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृती गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।
- खरिद गरिने सम्पूर्ण सामाग्रीहरु यस कार्यालय रहेको स्थान (च्याङग्रे, भोजपुर) सम्म आपूर्तिकर्ताले नै ढुवानी गर्नु पर्ने छ । यस बापत छुट्टै भाडा भूक्तानी हुने छैन ।
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४० उपनियम २ (ङ) अनुसार दरभाउपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वयंले घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ ।
- यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन, नियम र कानुन अनुसार हुनेछ ।

**तपशील**

| सि.नं. | कामको विवरण | परिमाण | दरभाउ पत्र जमानत कर सहति | दरभाउ पत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर (डेस्कटप) | २३ सेट | रु २८४६३ | १,०००।- | स्पेसिफिकेसन अनुसार |

शालिकराम भट्टराई
प्रमुख प्रशासकीय अधिकृत